# समुदायमा प्रभाव पार्ने व्यक्तिहरूको संलग्नता को लागि रणनीति

## फ्याक्ट् परियोजना अन्तरगत प्रगती

USAID FROM THE AMERICAN PEOPLE
FACT Fertility Awareness for Community Transformation

यो निर्देशिका समुदाय रुपान्तरणका लागि प्रजनन् शिक्षा (FACT) परियोजनाको लागि प्रजनन् स्वास्थ्य संस्था (IRH) तथा सेभ द चिल्ड्रेनद्वारा तयार पारिएको थियो । यो निर्देशिका तथा फ्याक्ट् परियोजना अमेरिकी जनताहरूले अमेरिकी विकास सहयोग नियोग (USAID) मार्फत सहकारी संझौता नं.AID-OAA-A-13-00083 को सहयोगले सम्भव भएको हो । यस भित्रका विषयवस्तुहरू प्रजनन् स्वास्थ्य संस्था तथा सेभ द चिल्ड्रेनले प्रदान गराएका हुन् र यस निर्देशिकाले जर्जटाउन विश्वविद्यालय, अमेरिकी विकास सहयोग नियोग वा अमेरिकी सरकारको दृष्टिकोणलाई कतै पनि प्रतिविम्वित गर्दैन ।

# प्राक्कथन

यो निर्देशिका अमेरिकी सहयोग विकास नियोगको सहयोगद्वारा सञ्चालित ***Tékponon Jikuagou*** परियोजनाको मार्गनिर्देश म्यानुअल जुन मौलिक रुपमा बेनिनमा कार्यान्वयन गरिएको थियो, त्यो मार्गनिर्देशिका र नेपालमा सञ्चालित **बाचाहरू** ( **प्रोमिशेस**) परियोजनाको अनुभव तथा कार्यक्रम सामग्रीहरूबाट सांभार वा रुपान्तरण गरी तयार पारिएको हो । फ्याक्ट परियोजनाले यो निर्देशिका तयार पार्न सहयोग पुऱ्याउनु हुने परियोजना कर्मचारी तथा साझेदारहरूलाई यहाँहरूको सहकार्य एवं सहयोगका लागि धन्यवाद दिन चाहन्छ ।

## समुदायमा प्रभाव पार्ने व्यक्तिहरूको संलग्नता किन ?

परिवार नियोजनको प्रयोगमा प्रभाव पार्ने सामाजिक मूल्य-मान्यताहरुलाई कम गर्न र पहुँच हुन कठिन वर्गहरूमा परिवार नियोजनका साधनहरूको स्वीकार्य एवं प्रयोगमा बृद्धि गर्न समुदायमा प्रभाव पार्ने व्यक्तिहरूको संलग्नता एउटा मुख्य रणनीती हुन सक्छ। यस प्रकारको संलग्नता भने उनीहरूको पहिचानको आधारमा तय गरिन्छ जस्तै कि समुदायका मानिसहरूले ती व्यक्तिहरूको सल्लाह सुझाव मान्ने गछर्न् ।

- ती व्यक्तिहरू जसलाई त्यहाँका मानिसहरूले चिन्दछन् र मन पराउँछन्
- ती व्यक्तिहरू जसलाई त्यहाँका मानिसहरूले आदर गर्छन वा जसले उनीहरूलाई सम्मान गर्दछन् र प्रशंसा गर्दछन्
- ती व्यक्तिहरू जो समुदायमा औपचारिक र/वा अनौपचारिक रुपमा अधिकार सम्पन्न हुन्छन्, तथा
- ती व्यक्तिहरू जसलाई त्यहाँका मानिसहरूले आफुसरह कै मान्दछन्।

प्रभाव पार्ने व्यक्तिहरू औपचारिक संरचनाभित्र कुनै पेशाहरूमा पनि आवद्ध हुनसक्छन्, तर प्रायजसो, अनौपचारिक पहिचान भएको व्यक्तिहरू नै बढी प्रभाव पार्ने हुनसक्छन्। ती व्यक्तिहरू यस्ता हुन् जसले अरुलाई आफ्नो नेतृत्वजनक कार्यले प्रभावित पार्दछन् वा समुदायमा उनीहरू औपचारिक पेशा वा पदमा नरहेका पनि हुन सक्छन्।

हामीले समुदायमा प्रभाव पार्ने व्यक्तिहरूसँग कार्य गर्नका लागि विभिन्न मापदण्डहरूमा ध्यान पुऱ्याउनु पर्छ :

- हामीले प्रभाव पार्ने व्यक्तित्वहरूलाई मीत्रको रुपमा संलग्न गराउने– ती व्यक्तित्वहरू जसले उक्त समाजमा कुनै यस्तो कुरा वा कार्यको पहिचान गरी कार्य गछर्न् फलस्वरुप उक्त समाजलाई फाइदा पुगदँछ। समुदायमा अगुवा वा प्रभाव पार्ने व्यक्ति भएर के कस्ता सहयोग गर्न सकिन्छ भन्ने विषयमा संवाद वा कुराकानी शुरु गर्नका लागि हामी जानकारीहरू प्रदान गर्छौ ।
- व्यवहार परिवर्तनका लागि संदेश प्रवाह पद्धति भन्दा पनि विचार वा चिन्तनशीलता एवं कार्यप्रति एकरुपता कायम गर्नका लागि हामी प्रभाव पार्ने ब्यक्तिहरूलाई उनीहरूको समुदायमा खोज वा अनुसन्धानप्रति बढि चासो लिन र चिन्तनशील हुन हौसला प्रदान गर्दछौं ।
- औपचारिक नेताहरू (व्यक्ति जसले समाजमा नेतृत्व गर्ने कुनै औपचारिक पद धारण गरेको हुन्छ) तथा अनौपचारिक नेताहरू (आधिकारिक पद वा सम्पन्नता नभएको तर समुदायमा सम्मान पाएको वा सामाजिक अडान लिने व्यक्ति) दुबै हाम्रोलागि सहयोगी हुन सक्छन्। यद्धपि, अनौपचारिक नेताहरू नै बढि प्रभावशाली हुन सक्छन्।
- हामी यसो गर्दैनौं :
    - हाम्रा गतिविधिहरू अघि बढाउनका लागि उनीहरूको नियुक्तिका साथै उनीहरूले के-कसरी काम गर्ने भनी भूमिका व्याख्या पनि गर्दैनौ ।
    - प्रभाव पार्ने ब्यक्तिहरूले त्यहाँका मानिसहरूलाई कुनै खास कार्यक्रमहरूमा सहभागी हुनका लागि भनिदिनुहोस् वा कुनै खास व्यवहार वा आचरण स्वीकार गर्नका लागि आग्रह गरिदिनुहोस् पनि हामी भन्दैनौं।

## प्रभाव पार्ने व्यक्तिहरूको पहिचान कसरी गर्ने

बृहत सामाजिक नक्सांकन अभ्यास नै उपयुक्त हुनसक्ने भएता पनि संलग्न गराउने प्रकृयाको यो एउटा संक्षिप्त पद्धति हो। यसलाई अनुशरण गर्दा औपचारिक प्रकृयाले **वाह्य-व्यक्ति** भन्ने मान्यतालाई पाखा लगाउँछ र को चाहीँ प्रभाव पार्ने व्यक्ति हो भन्ने आधारहरू जस्तै उनीहरूको पद, आर्थिक वा शैक्षिक स्तर वा समुदायमा उसको औपचारिक भूमिका आदिमा निर्भर रहन्छ। सुनिश्चित हुनका लागि एउटा भन्दा बढी सामूहिक छलफलमा सोध्ने, अथवा उक्त प्रकृयाको लागि पुष्ट्याइँका अन्य तत्वहरू पनि छन्।

प्रकृया अनुसार अघि बढ्दै जाँदा समुदायमा भएका प्रभाव पार्ने व्यक्तिहरूको पहिचान गर्न सकिन्छ जो :

- समुदायमा मन पराइन्छन् वा आदरणीय हुन्छन्, तथा उनीहरूले प्रवाह गर्ने जानकारी वा सूचना सुन्नका लागि मानिसहरु ईच्छुक हुन्छन् ।
- जनसांख्यिक वा सामाजिक आधारमा परियोजना लाभग्राहीहरूको प्रतिनिधि हुनुपर्छ । उदाहरणका लागि महिलाहरू जसका विचार समुदायका अन्य महिला अगुवाहरूले सुन्न चाहन्छन् ।
- नवयुवा (महिला र पुरुष) हरूका लागि उदाहरणीय व्यक्ति मानिएको ।
- समुदायको जीवनस्तर सुधारमा सकारात्मक योगदान पुऱ्याएको ।

छनौट गरिएता पनि को-को प्रभाव पार्ने व्यक्तिहरु हुन भन्ने कुरामा निश्चित हुनको लागी पूर्वनिर्धारित निर्णय अनुरुप छनौट नगरी समुदायका मानिसहरूको कुरा वा सल्लाह पनि सुन्नुपर्छ, ।

यस मामिलामा विद्यमान समूहहरू, साझेदारहरू, विद्यलयका शिक्षकहरू, वा समुदायका अगुवाहरूसँग सल्लाह लिनु सहयोगी हुन्छ र यो ध्यान दिनु महत्वपूर्ण हुन्छ कि हामी समुदायमा प्रभाव पार्ने व्यक्तिहरूको खोजी गरिरहेका छौं । कार्यान्वयनकर्तालाई कार्य गरिरहेका विद्यमान समूहमै फर्किनु सहज हुन्छ वा ती व्यक्तिहरू जो प्रभाव पार्ने ओहोदा वा औपचारिक संरचनामा छन् तिनीहरू नै उपयुक्त हुन्छन् भन्ने धारणा बनाउनु पनि सहज नै हुन्छ तर त्यस्ता व्यक्तिहरूको वास्तविक प्रभाव समाजमा के-कस्तो रहेको छ भन्ने कुरा थाहा पाउने उपाय पत्ता लाउनु चाहीँ महत्वपूर्ण हुन्छ ।

प्रस्तावित विशिष्ट पहिचान प्रकृयामा निम्न चरणहरू जरुरी छन् :

१. समुदायमा मानिसहरू भेला हुने स्थान जस्तै बजार वा चोकबाट शुरु गर्ने । केही मानिसहरूको समूहलाई उनीहरूको समुदायमा प्रभाव पार्नसक्ने २-३ जना महिला र २-३ जना पुरुषहरूको पहिचान गर्न भन्नुहोस् जसलाई उनीहरू प्रभाव पार्ने व्यक्ति, आदरणीय वा सबैले मान्ने तथा असल छवि वा चरित्र भएका मान्दछन् ।

   यदि उनीहरूलाई अझ मार्गदर्शनको आवश्यकता चाहिएमा उनीहरूलाई राम्ररी बुझाउँनुहोस् कि त्यस्ता व्यक्तिहरू जसलाई धेरै मानिसहरूले सम्मान र आदर गर्छन् तथा उच्च दर्जाको मान्छन् र उनीहरूको कुरा सबैले सुन्छन् अनि उनीहरू कै उदाहरण पनि दिन्छन् । तिनीहरू सामान्य व्यक्ति, छिमेकी, शिक्षक आदि हुनसक्छन् तर उनीहरूमा माथि उल्लेखित सबै गुण हुनुपर्छ । अब, ती कुराकानी गरिएको समूहलाई धन्यवाद दिँदै अर्को समूहतर्फ लाग्नुहोस् ।

२. थोरै थोरै मानिसहरूको समूह भएका एक-दुई वटा अरु चोक वा बजार छान्नुहोस् । तिनीहरूलाई पनि उही प्रश्नहरू गर्नुहोस् र उनीहरूले भनेका नामहरू टिप्दै जानुहोस् र एकभन्दा बढी सूचिमा कुनकुन नाम पर्दछ टिपोट गर्नुहोस् । उक्त अभ्यास वा क्रियाकलाप प्रभावशाली व्यक्तिहरूको राम्रो सूचि तयार नभएसम्म निरन्तर गरिरहनुहोस् ।

३. सूचिमा भएका नामहरू प्रति सुनिश्चित हुनका लागि अर्को समूहमा पुग्नुहोस् र उक्त सूचि दिँदै त्यसमा भएका नामहरू पढेर सुनाउन भन्नुहोस् । तपाईको सूचिमा पहिचान भएका नामहरू पढेर सकिए पछि ती समूहका मानिसहरूलाई नै उक्त सूचिमा भएका व्यक्तिहरू भन्दा अझ बढी प्रभाव पार्ने व्यक्ति अरु कोही छ कि भनी सोध्नुहोस् । यदि छन् भनेमा उनीहरूले भनेबमोजिमको व्यक्तिको नाम टिप्नुहोस् । यो अन्तिम समूहबाट तपाईसँग सूचिबद्ध भएको नामहरू पुष्ट्याइँ गर्नुहोस्, वा उक्त सूचिलाई अझ राम्रो बनाउने तरिका सुझाउन भन्नुहोस् ।

४. समुदायमा राम्रो प्रभाव पार्ने व्यक्तिहरूको सूचि तपाईसँग तयार छ भनी ढुक्क नहुञ्जेल समुदायमा त्यसलाई निखार्ने प्रकृया जारी राख्नुहोस् ।

## प्रभाव पार्ने व्यक्तिहरूले के-के गर्न सक्छन्

प्रभाव पार्ने व्यक्तिहरूको भूमिका वा गतिविधिहरू भिन्न प्रकारको वा अद्वितीय हुनेछ र उक्त कार्य समुदायमा उनीहरूको प्रभावलाई कसरी लिइन्छ वा कस्तो मानिन्छ भन्नेमा निर्भर रहन्छ । हामीले जहिले पनि स्मरण गरिरहनु पर्ने के हो भने ती प्रभाव पार्ने व्यक्तिहरूले आफ्ना प्रभावलाई कसरी अघि बढाउँछन् वा लागू गर्छन् तथा परिवार नियोजन र प्रजनन् स्वास्थ्यका

सम्बन्धमा समुदायलाई अभिप्रेरित गरिरहँदा उनीहरूले कसरी परिवार नियोजनको स्वीकार्यता एवं प्रयोगलाई बढावा दिन्छन् भन्ने उद्देश्य मनमा राखी सोच्नका लागि हामी निरन्तर हौसला प्रदान गर्दछौं । यो भूमिका ती प्रवर्धक वा सहजकर्ताहरूको भन्दा फरक छ किन कि यसको आकर्षण पक्ष नेतृत्वमा निहित रहन्छ भने उनीहरूको प्रभाव पहिलेदेखि नै स्थापित भैसकेको हुन्छ ।

अन्य परियोजना एवं देशहरूबाट प्राप्त अनुभवका आधारमा समुदायमा प्रभाव पार्ने व्यक्तिहरूका लागि विचार गर्ने केही उपाय वा सम्भावनाहरूलाई तल उल्लेख गरिएका छन् । निश्चय पनि यी उपायहरू न त विशेष हुन्, न त अनिवार्य भूमिकाहरू नै हुन् । यसको लक्ष्य भनेको विशिष्ट कार्ययोजना लागु गर्नु नभई सामान्य प्रभावलाई बढाउनु हो ।

१. आफुले काम गर्ने समुदायमा परिवार नियोजन, प्रजनन् सचेतना, स्वास्थ्य सेवाको पहुँच तथा परिवार नियोजनको साधन प्रयोगमा प्रभाव पार्ने विषयवस्तुहरूको बारेमा बुझ्नका लागि परियोजना अधिकृत वा स्वास्थ्य सेवा प्रदायक तथा प्रवर्धक वा सहजकताहरूसँग मिलेर काम गर्नुहोस् ।

    क. प्रवर्धक वा सहजकताहरू तथा समुदायका अन्य सरोकारवालाहरूलाई एकै ठाउँमा भेला गर्नुहोस् र उनीहरूले परिवार नियोजन तथा प्रजनन् सचेतनाका प्रयासहरूमा के-कसरी उत्कृष्ट योगदान पुऱ्याउन सक्छन् भनी छलफल गर्नुहोस् । उक्त योगदान विशेष गतिविधि सञ्चालन गरेर गर्नुभन्दा पनि नेतृत्व मार्फत वा विचार मार्फत सहयोग वा समर्थन प्रदान गर्नु हो ।

२. खेलहरू खेल्नका लागि उपयुक्त विद्यमान वा नयाँ स्थानहरूको प्रदान गर्नुपर्छ - वास्तवमा उनीहरूले खेल खेलाउने कार्यमा आफैले सहजिकरण भने गर्नुपर्दैन ।

३. परियोजनाको पहुँच हुन नसकेको मानिसहरू वा समुदायको पहिचान गर्ने वा उनीहरूसम्म पुग्ने, तथा उनीहरूले सहजकताहरू अथवा स्वास्थ्य सेवाहरूसँग उक्त नयाँ समुदायको सम्पर्क स्थापित गर्न कसरी सहजिकरण गर्न सक्छन् ।

४. सहजकताहरू तथा महिला स्वास्थ्य स्वयंसेविकाहरूले गरेका कार्यहरूका लागि कृतज्ञता जाहेर गर्दै हौसला प्रदान गर्नुपर्छ, किन कि यस्तो प्रशंसा सामुदायिक स्वयंसेवकहरूका लागि महत्वपूर्ण उत्प्रेरणा हुन्छ ।

५. अनुरोध गरेमा छलफलमा तथा घरपरिवारमा हुने तनाव समाधानमा अग्रसर हुनुपर्छ किन कि यस्ता विषयवस्तु प्रजनन् चाहना वा मूल्य-मान्यतालाई परिवर्तन गर्नेसँग सम्बन्धित पनि हुनसक्छ ।

६. सेवाहरूको गुणस्तर एवं उपभोगलाई बढावा दिनका लागि समुदाय, स्थानीय तह तथा स्वास्थ्य संस्था वा सेवाहरूसँग पैरबी गर्नुपर्छ ।

## निष्कर्ष

अन्त्यमा, प्रभाव पार्ने व्यक्तिहरूको मुख्य भूमिका चाहीँ नविनतम् अवधारणा वा विचारहरू एवं व्यवहारहरूलाई उनीहरूको प्रभाव रहेको समुदायमा प्रचारप्रसार गर्ने र त्यसलाई सर्व स्वीकार्य बनाउने हो । त्यहाँ उनीहरूले प्रभावित गर्ने विषयवस्तुहरू, छलफल र गतिविधिका प्रकारहरू एवं कतिपटक गर्ने आदि तय गर्नुका साथै यसलाई बढि भन्दा बढि राम्रो कसरी गर्न सकिन्छ भनी आफैले निर्णय लिनेछन् । परियोजनाको मुख्य काम चाहीँ परियोजनाको गतिविधिप्रति उनीहरूको चाख वा चासोलाई उजिल्याउनु, तथा सामाजिक मुल्यमान्यतामा आएको परिवर्तनलाई बृहत प्रचारप्रसारमा समर्थन जनाउनका लागि उनीहरूको क्षमता अभिबृद्धि गर्नु हो ।